नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या : ०७५/७६

च.नं. : ६९२

मिति : २०७६/०२/०५

बिषयः आवश्यक सहजीकरण सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै,

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं.प्रा.स./४२१ मिति २०७६/०२/०२ को स्थानीय तहमा स्काउट कार्यक्रम सञ्चालन सम्बन्धको पत्र र सो सम्बन्धमा आवश्यक सहजीकरणको लागि नेपाल स्काउटबाट लेखि आएको च.नं.६६८ मिति २०७६/०२/०२ को पत्र यसै साथ संलग्न छ । उक्त पत्रहरुबाट व्यहोरा अवगत गर्नुभई सोही अनुसार गर्न गराउन हुन आदेशानुसार अनुरोध छ ।

(जनकराज शर्मा)
शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः वेभसाइटमा अपलोड गर्नु हुन ।

प्रोविसप्रम

# नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रादेशिक समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- २०७५/७६

च.नं. :- प्रा.स./४२१/ ८४४६

मितिः- २०७६।०२।०२

सं.मा.प्र.
८३४
२०७६।२।३

विषयः स्थानीय तहमा स्काउट कार्यक्रम सञ्चालन सम्बन्धमा ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १९०९८
मिति:- २०७६/०२/०३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

श्री संघीय मामिला, स्थानीय तह समन्वय, २।३

नेपाल स्काउटको प.सं. २०७५।७६, च.नं. ६६८, मिति २०७६।०२।०२ को पत्रबाट नेपाल स्काउटको गतिशीलतालाई थप सक्रिय बनाउने र स्काउटिङ्ग शिक्षालाई देशव्यापी बनाउन देशका सबै स्थानीय तहमा रहेका सम्पूर्ण विद्यालयहरुमा अनिवार्य स्काउट कार्यक्रम सञ्चालन गर्न आवश्यक भएकोले पत्रमा उल्लेख भएबमोजिमका कार्यहरु गर्न गराउन अनुरोध भई आएको पत्र आवश्यक सहजीकरणको लागि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

मञ्जु शर्मा सुवेदी
शाखा अधिकृत

बोधार्थः-
श्री नेपाल स्काउट,
राष्ट्रिय प्रधान कार्यालय,
लैनचौर, काठमाडौं ।

श्री उपसचिव


टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# नेपाल स्काउट
## राष्ट्रिय प्रधान कार्यालय

# NEPAL SCOUTS
## National Headquarters


पत्र संख्या : ०७५/०७६
चलानी नं : ६६८

मिति : २०७६।०२।०२

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौ

विषय : स्थानीय तहमा स्काउट कार्यक्रम सञ्चालन सम्बन्धमा ।

प्रस्तुत विषयमा बालबालिका तथा युवाहरुमा देशभक्ति र राष्ट्रप्रेम बढाउन, स्वयंसेवाको महत्व उजागर गर्न र नैतिक शिक्षा सिकाई चरित्रवान बनाउन आवश्यक देखिएको वर्तमान अवस्थामा स्काउट शिक्षा मार्फत सो लक्ष्य हासिल गर्न सकिने विशाल सम्भावना रहेको छ । सोही लक्ष्यमा अग्रसर हुन नेपाल स्काउटको गतिशीलतालाई थप सक्रिय बनाउने र स्काउटिङ्ग शिक्षालाई देशव्यापी बनाउन देशका सबै स्थानीय तहमा रहेका सम्पूर्ण विद्यालयहरुमा अनिवार्य स्काउट कार्यक्रम सञ्चालन गर्न आवश्यक भएको हुँदा तपसिल बमोजिमका कार्यहरु गर्न गराउन सातै प्रदेशका मुख्यमन्त्री कार्यालयहरुमा परिपत्र गरिदिन हुन हार्दिक अनुरोध गर्दछु ।

स्काउटिङ्ग विकास र विस्तारका लागि स्थानीय तहका सरकारले सञ्चालन गर्नुपर्ने कार्यक्रमहरुको विवरण :

१) प्रत्येक स्थानीय तहका आधारभूत तथा माध्यमिक विद्यालयहरुमा अनिवार्य स्काउट कक्षा सञ्चालन गर्ने ।
२) स्थानीय तहका विद्यालयहरुमा महिला, पुरुष शिक्षक तोकी स्काउट कक्षा सञ्चालन गर्न नेपाल स्काउटसँग सहकार्य गरी तालिमको व्यवस्था गरी युवा रोजगारी वृद्धि गर्ने ।
३) तालिम लिएका स्काउट शिक्षकलाई स्थानीय तहले स्काउट पोशाकको व्यवस्था गर्ने ।
४) स्थानीय तहमा स्काउट कार्यालय सञ्चालन गर्न कर्मचारी तोकी दिने ।
५) प्रत्येक स्थानीय तहमा कम्तीमा रु. १० लाख सम्म बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न लगाउने ।
६) स्थानीय तहमा राष्ट्रियता अभिवृद्धि अभियान, विपद् व्यवस्थापन, सरसफाई, जनचेतना अभिवृद्धि, कुलत, विकृति विसंगति हटाउने अभियान सञ्चालन गर्न युवा सहभागिता बढाउन र स्थानीय कार्यक्रमहरुमा मार्चपासका लागि स्काउटको टोली तयार गरी प्रयोग गर्ने ।


P.O. Box: 1037, Lainchaur, Kathmandu, Nepal, Phone : 4425762, 4419001, 4419097
Fax: 977-1-4413369, E-mail: info@nepalscouts.org, Website: www.nepalscouts.org

पत्र संख्या :

चलानी नं :

७) 'समृद्ध नेपाल, सुखी नेपाली'को अभियानमा स्थानीय क्लब तथा अन्य संघसंस्थाहरुलाई स्काउटको नेतृत्वमा स्वयंसेवा सम्बन्धी कार्यमा परिचालन गर्ने ।

८) स्काउटको नेतृत्वमा सबै स्थानीय तहमा स्वयंसेवक परिचालनको कार्यक्रमलाई प्रभावकारीरुपमा सञ्चालन गर्ने ।

९) प्रत्येक शुक्रबार स्थानीय तहका सम्पूर्ण विद्यालयमा अनिवार्य स्काउट कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

१०) प्रत्येक स्थानीय तहले स्काउट पाठ्यक्रम निर्माण गरी लागू गर्ने ।

......................

(लोक बहादुर भण्डारी)
संयोजक